## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरूको उत्पादनलाई बजार प्रवेशमा रोक लागउन,
- मिलिमतोमा महंगो मूल्य निर्धाण गर्न पाइदैन/हुँदैन ।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३१९ काठमाडौं सोमबार, ५ चैत २०८० Prabhab National Daily Monday, March 18, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

# उपचुनाव इलाम-२ मा, माहोल काठमाडौंमा

- टिकट माग्न आएका कांग्रेस-एमालेका आकांक्षीहरु नेताहरूको घरघर चहार्दै
- पहिचान पक्षधर डकेन्द्रसिंह थेगिम र स्वतन्त्र मिलन लिम्बूद्वारा उम्मेदवारी घोषणा
- उम्मेदवार बनाउन आदिवासी नेतामा दलहरूको नजर

■ **जेबी योञ्जन**




**काठमाडौं–** अबको ४०औं दिनमा इलाम-२ मा हुने उपनिर्वाचनको माहोल देशको राजधानी काठमाडौंमा तातेको छ । नेपाली कांग्रेस र नेकपा एमालेबाट उम्मेदवार हुन आकांक्षा राख्नेहरू पार्टीका सभापति/अध्यक्षका घरघर चहारिरहेका छन् । टिकटका लागि रस्साकस्सी चलिरहेको छ ।

यहीबीच केहीले त पत्रकार सम्मेलन गरेर काठमाडौंबाटै उम्मेदवारी घोषणा गरिसके । उपनिर्वाचन हुने इलाम भने राजधानी काठमाडौंबाट निकै दूरमा छ । तर, केन्द्रमा राजनीतिक माहोल सिर्जना गरेर मात्रै उम्मेदवारहरू चुनावी क्षेत्रमा जान चाहेको देखिएको छ ।

इलाम-२ मा करिब ७५ प्रतिशत आदिवासी जनजातिको बसोबास छ । यही क्षेत्रबाट अढाइ दशक संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्बाङ निर्विकल्प जनप्रतिनिधि बनिरहे । गत भदौ अन्तिममा उनको निधन भयो । सुवासभन्दा अघि कांग्रेसका कुलबहादुर गुरुङ र त्यसअघि एमालेकै मणिकुमार सुब्बा निर्वाचित भएका थिए । यस आधारमा इलाम-२ बासीको रोजाइमा जहिल्यै आदिवासी उम्मेदवार नै परे ।

नयाँ दल रास्वपाले आदिवासी जनजाति उम्मेदवार बनाउनुपर्ने निष्कर्ष निकालेको छ । भलै, चर्चा भने इलाम पार्टी सभापति महेन्द्र थापा, लेखक धर्म गौतम, विष्णु काफ्ले र रमेश प्रसाईंसम्मको चलेको छ । थापा कांग्रेस नेता केशव थापाका छोरा हुन् । उनको त्यस क्षेत्रमा प्रभावशाली व्यक्तित्व छ । तर, जनभावना आदिवासी उम्मेदवार होस् भन्ने रहेको थाहा पाएपछि रास्वपाले उम्मेदवार आदिवासी नै बनाउने सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले बताइसकेका छन् ।

एमालेले पनि आदिवासी उम्मेदवार नै उठाउने तयारी गरिरहेको छ । स्रोतका अनुसार सुवासकै छोरा सुहाङबारे पार्टी अध्यक्ष सकारात्मक छन् । उनलाई उम्मेदवार बनाएको घोषणा गर्न मात्रै बाँकी रहेको स्रोतको दाबी छ । तर सुहाङले भने यसबारे कूटनीतिक शैलीमा प्रभावलाई जवाफ दिएका छन् । 'म बिरासतको राजनीति चाहन्न र पार्टीले चुनावी मोर्चामा पठायो भने नाइँ भन्नु त भएन,' उनले भने ।

उमेरले कलिला भए पनि सुहाङको राजनीतिक परिपक्वता झल्किएको छ । यद्यपि, उनी उम्मेदवार भए पनि चुनौती भने लारुम्बा हुने भएको छ । जुन किरात धर्म गुरु आत्मनन्द लिङ्देनको प्रभाव क्षेत्र हो । जहाँ झण्डै १० हजारको संख्यामा किरात धर्मावलम्बीहरू छन् ।

(क्रमशः पृष्ठ २ मा)

### गृह क्षेत्रमा झलनाथको ढिपी

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता रहेका पूर्वप्रधानमन्त्री झलनाथ खनालको घर इलाम-२ को साँखेजुङ हो । गत निर्वाचन भने उनले इलाम-१ मा लडे । पूर्वकार्यकर्ता महेश बस्नेतसँग पराजित भए । उनै खनाल यतिबेला गृहक्षेत्र इलाम-२ बाट एमाले उम्मेदवार बन्न सम्पूर्ण शक्ति प्रयोग गरिरहेका छन् । पछिल्लोपटक उनले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग बिहीबार भेट गरेका थिए । तर, ओली खनालसँग सकारात्मक छैनन् । यसपछि खनालले सम्पूर्ण वामपन्थी शक्तिको समर्थन भए मात्रै चुनाव लड्ने भन्न थालेका छन् ।

'सम्पूर्ण वाम एक ठाम होस् भन्ने पक्षमा म छु । यदि, इलामको उपचुनावमा त्यस्तो भयो भने म उम्मेदवार हुन चाहन्छु । अन्यथा मेरो उम्मेदवारीको सम्भावना छैन,' उनले प्रभावसँग भने । खनालले हरेक चुनाव इलाम-१ मा लडे । क्षेत्र नं. २ भने सुवासलाई छाडे । तर सुवासको निधनपछि उनको घरसमेत रहेको उक्त क्षेत्रमा चुनाव लड्ने चाहना छ । त्यसका लागि वामपन्थी शक्तिहरू चुनावी मोर्चामा एक हुनुपर्ने उनले बताएका छन् ।

# साना दलमा सत्ता गठबन्धन फेरबदलको परकम्प

■ **प्रदेश संवाददाता**




**काठमाडौं–** सत्ताको समीकरणमा गठबन्धन फेरबदलले साना दलमा कलह सुरु भएको छ । प्रदेश सरकार हेरफेरको संघारमा साना दलमा परकम्प देखिन थालेको हो ।

फागुन २१ गते संघमा नेपाली कांग्रेस सत्ताबाट बाहिरिएर नेकपा एमाले भित्रिएसँगै सत्ता समीकरण फेरिएको थियो । त्यसयता साना दलहरूको कलह सतहमा आउन थालेको छ । संघीय र प्रदेश सरकारमा मन्त्री पाउने लोभमा साना दलहरूबीच कलह देखिन थालेको हो ।

यो बीचमा नागरिक उन्मुक्ति, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेपाल समाजवादी पार्टी (नेसपा)मा चरम विवाद देखिएको छ भने सिके राउत नेतृत्वको जनमत पार्टी, एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादीमा पनि विवाद देखिन थालेको छ ।

> संघमा नेपाली कांग्रेस सत्ताबाट बाहिरिएर नेकपा एमाले भित्रिएसँगै सत्ता समीकरण फेरियो । त्यसयता साना दलहरूको कलह सतहमा आउन थालेको छ । संघीय र प्रदेश सरकारमा मन्त्री पाउने लोभमा साना दल आन्तरिक कलहमा फसेका हुन् ।

### नागरिक उन्मुक्तिमा विवाद

रञ्जिता श्रेष्ठ अध्यक्ष रहेको नागरिक उन्मुक्तिमा सबैभन्दा पहिलो कलह देखियो । उनका श्रीमान् रेशम चौधरी एकातिर र रञ्जिता अर्कातिर उभिँदा उन्मुक्ति फुटको सँघारमै पुगेको थियो । रेशम संघीय सरकारमा सत्ता गठबन्धनलाई सहयोग नगर्ने रणनीतिमा थिए भने रञ्जिता जसरी पनि विश्वासको मत दिने पक्षमा ।

फागुन ३० मा नागरिक उन्मुक्तिले प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दियो । त्यसपछि नागरिक उन्मुक्तिको कलह केही समयका लागि साम्य भयो । यता सुदूरपश्चिम प्रदेशमा भने यो पार्टीले नेपाली कांग्रेस नेतृत्वको सरकारलाई समर्थन गर्ने निर्णय गरेको छ । आइतबार बसेको प्रदेश संसदीय दलको बैठकले उक्त निर्णय गरेको आर्थिक मामिला मन्त्रीसमेत रहेका घनश्याम चौधरीले बताए ।

५२ सदस्य रहेको सुदूरपश्चिममा बहुमतका लागि २७ मत आवश्यक पर्छ । यहाँ नागरिक उन्मुक्तिका सात र मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको दल नेपाली कांग्रेसका १८ सांसद छन् । जुन जोड्दा २५ मात्र पुग्छ । जसका कारण शाहले आफ्नो पद जोगाउन राष्ट्रिय प्रजातन्त्र पार्टीका एक सांसद् र स्वतन्त्र सांसद ताराप्रसाद जोशीलाई पनि आफूतर्फ ल्याउन आवश्यक छ ।

### बाबुरामको पार्टी नेसपा फुटतर्फ

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको दल नेपाल समाजवादी पार्टी (नेसपा)मा पनि सत्ता हेरफेरको परकम्प गएको छ । गठबन्धन हेरफेरप्रति बाबुराम असन्तुष्ट रहँदा उनको दलबाट सरकारमा गएका महिन्द्रराय यादवले भने प्रधानमन्त्री दाहालको कदम सही भनेका छन् । प्रधानमन्त्री दाहाललेझैं यादवले प्रतिनिधिसभामा उभिएर कांग्रेसबाट अर्थमन्त्री भएका डा. प्रकाशशरण महतको आलोचना गरे ।

उनै यादव र अर्का सांसद उमरावती देवीलाई बाबुरामले आफ्नो दल समाजवादी कायम गरिदिन आग्रह गरेका छन् । तर संसद् सचिवालयले भने दुवै सांसद माओवादीकै हुन् भनी पत्र पठाएको छ ।

संसद् सचिवालयका उपसचिव रामहरी थापाले फागुन २७ गते पठाएको पत्रमा उनीहरूलाई समाजवादी पार्टीको सांसदका रूपमा अभिलेख कायम गर्न नसकिने उल्लेख छ । समाजवादी पार्टीले यादव र देवीलाई आफ्नो दलको सांसदका रूपमा अभिलेख कायम गरिदिन २०८० माघ २८ गते पत्र लेखेको थियो । चैत ३ गते त बाबुरामलाई थाहै नदिई यादव, सहअध्यक्ष गंगानारायण श्रेष्ठ र महासचिव रमेशप्रसाद यादवले नेपाल समाजवादीलाई माओवादी केन्द्रमै बिलाउनेगरी सहमति गरिसकेका छन् । बाबुराम पक्षधरले भने आइतबार उक्त सहमति खारेज गरेको जनाएको छ ।

### आफूलाई स्वतन्त्र हैसियत दिन दीपक मनाङेको माग

संघमा पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई पुनः समर्थन गरेको नेकपा एकीकृत समाजवादीभित्र पनि विस्तारै कलह चुलिने देखिएको छ । यसको सन्देश पार्टी उपाध्यक्ष राजेन्द्र पाण्डेले विश्वासको मत दिने दिन दिइसकेका छन् । यही मेसोमा गण्डकीका प्रदेशसभा सदस्य राजीव गुरूङ उर्फ दीपक मनाङेले स्वतन्त्र सांसदको हैसियत मागेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

श्रममन्त्री अर्यालको निर्देशन–

# एक घण्टाभित्र श्रम स्वीकृति दिने व्यवस्था गर्नू



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टाभित्र श्रम स्वीकृति दिनेगरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)को सुधार गर्न निर्देशन दिएका छन् । आइतबार फेइम्स प्रणाली आपूर्तिकर्ता, मन्त्रालयको सूचना प्रविधि शाखा र सूचना प्रविधि परामर्शदाताहरूसँगको छलफलका क्रममा उनले आउँदो शुक्रबारदेखि उक्त व्यवस्था कार्यान्वयनमा आउने गरी काम गर्न निर्देशन दिएका हुन् ।

मन्त्री अर्यालले शुक्रबारसम्म उक्त व्यवस्था नगरिए विकल्प खोज्ने चेतावनीसमेत दिएका छन् । 'तपाईंहरूले काम गर्न सक्नुहुन्छ भने गर्नुहोस्, नभए अन्य विकल्प खोज्नुपर्ने हुन्छ,' छलफलका क्रममा मन्त्री अर्यालले भने, 'एक हप्ताभित्र एक घण्टामा श्रम स्वीकृति दिन सक्नेगरी फेइम्स प्रणालीमा सुधार नभए विकल्पमा जान्छु । विकल्पमा जानुपर्ने अवस्थामा एक महिनाभित्र जसरी पनि यो व्यवस्था कार्यान्वयनमा ल्याउँछु ।'

कामदारले संसारको कुनै पनि कुनाबाट श्रम स्वीकृतिका लागि आवेदन दिँदा एक घण्टामै श्रम स्वीकृति दिनसक्ने गरी प्रणाली सुधार गर्नुपर्ने मन्त्री अर्यालको भनाइ छ । वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिलगायतका श्रमसँग सम्बन्धित कार्यलाई प्रविधिमैत्री बनाउन आठ वर्षअघि फेइम्स प्रणाली प्रयोगमा ल्याएको हो । पछिल्लो समय पूर्णरूपमा अनलाइन सेवा दिने भनिए पनि विभागको फेइम्स प्रणालीमा पटक-पटक समस्या आउने गरेका कारण सेवाग्राहीले सास्ती बेहोर्नुपरेको छ ।

अनलाइन सेवा लिने कामदारले समयमै फेइम्समार्फत श्रम स्वीकृति नपाउँदा हैरानी व्यहोर्नुका साथै आर्थिक भारसमेत खेप्नुपरेको छ । फेइम्स प्रणालीमा आइरहने समस्या र सेवाग्रहीले भोग्नु परेको सास्तीको चौतर्फी आलोचना भइरहेको सन्दर्भमा मन्त्री अर्यालले तत्काल फेइम्स सुधारका लागि आवश्यक निर्देशन दिएका हुन् । यता मन्त्रालयको सूचना प्रविधि परामर्शदाताले विगत एक सातादेखि फेइम्स प्रणालीको निगरानी गरिरहेको जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## न्युजिल्याण्ड पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि न्युजिल्याण्ड पठाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा एकजना पक्राउ परेका छन् । न्युजिल्याण्डमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा समित भट्टराई प्रहरीले पक्राउ गरेको हो ।

झापाको मेचीनगर नगरपालिका-१० घर भई हाल काठमाडौं मैतिदेवी बस्ने २७ वर्षीय भट्टराईले पदमबहादुर बुढालाई न्युजिल्याण्ड पठाई मासिक दुई लाख ५० हजार रूपैयाँ तलबमा एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने विश्वास दिलाएर रकम ठगी गरेको प्रहरीले जनाएको छ । भट्टराईले पीडितसँग पटक-पटक गरी चार लाख रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । रकम संकलन गरी फरार रहेका उनलाई खोजतालासका क्रममा मिनभवनबाट पक्राउ गरिएको बताइएको छ ।

भट्टराईले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।

## जनहितमा जारी सन्देश




प्रभाव दैनिक
www.prabhabonline.com
प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### साना दलमा...

मनाङमा स्वतन्त्र उम्मेदवार बनेर सर्वसम्मत बनेका मनाङे निर्वाचित भएपछि नेकपा एकीकृत समाजवादी पार्टी प्रवेश गरेका थिए । उनले पार्टी छाडेर स्वतन्त्र सांसदको हैसियत मागेका हुन् । सांसद निर्वाचित भएपछि भने उनले नेकपा एकीकृत समाजवादी पार्टीको सदस्यता लिएर सोही दलको सांसद बनेका थिए ।

गण्डकीमा आफ्नो सरकार जोगाउन मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सक्रिय छन् । संघमा सत्ता फेरिएपछि पाण्डेले माओवादीबाट मन्त्री बनेकाहरूलाई बर्खास्त गरेका थिए । कांग्रेस नेतृत्वको सरकार जोगाउन मनाङे र डा. बाबुराम नेतृत्वको नेसपाका सांसद फणिन्द्र देवकोटालाई मनाउन पाण्डे लागिपरेका छन् । देवकोटा गोरखाबाट माओवादी चुनाव चिह्न लिएर चुनाव जितेका हुन् ।

गण्डकीमा कांग्रेसका २७, एमालेका २२ माओवादी केन्द्रको देवकोटा र सभामुखसहित आठ, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का दुई र मनाङे गरी ६० सदस्य छन् । माओवादीबाट जितेका कृष्ण धिताल सभामुख भएकाले उनले सरकार बनाउने र गिराउने खेलमा मतदान गर्न पाउँदैनन् ।

एमाले र माओवादी गठबन्धनमा देवकोटासहित २९ मत पुग्छ । गण्डकीमा सरकार बनाउन बहुमतका लागि ३१ मत चाहिन्छ । सांसद मनाङे र नेपाल समाजवादी पार्टीका सांसद देवकोटा कांग्रेस नेतृत्वको गठबन्धनमा सामेल भएको अवस्थामा उक्त गठबन्धनको २९ मत पुग्छ । यस्तो अवस्थामा कांग्रेस नेतृत्वको सरकार जोगाउन पनि राप्रपाको दुई सिट आवश्यक हुन्छ ।

#### जनमत पार्टीमा सांसद हटाउनुपर्ने माग

जनमत पार्टीले दलको निर्देशन नमानेको भन्दै समानुपातिक सांसद गोमालाभ सापकोटालाई हटाउन माग गरेको छ । सांसद सापकोटालाई पार्टीबाट निष्कासन गरिएको भन्दै जनमत पार्टीको संसदीय दलले यही फागुन २७ गते संसद् सचिवालयमा पत्र पठाएको हो ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सचिवालयलाई प्राप्त पत्रमाथि अध्ययन जारी छ । 'राजनीतिक दलसम्बन्धी व्यवस्था उल्लेख गरेर पत्र आएको छ । प्राप्त पत्रमाथि अध्ययन भइरहेको छ,' गिरीले भने ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ मा दल त्याग गरेको सम्बन्धी सूचना दिनुपर्ने व्यवस्था छ । पत्र प्राप्त भएको १५ दिनभित्र सदनमा पेस गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । सदन नरहेको अवस्थामा भने सूचना टाँस गर्न सकिन्छ । सदनमा जानकारी गराएपछि वा सूचना टाँस भएपछि कारबाहीमा परेको सदस्यको पद रिक्त हुने कानुनी व्यवस्था छ ।

#### लोसपामा यसअघि नै फुट

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) यसअघि नै कलह देखिसकिएको छ । लोसपाका वरिष्ठ नेता रहेका महतोले फागुन १४ गते पार्टी छोडेका हुन् ।

महतोले राष्ट्रिय मुक्ति आन्दोलनका घोषणासमेत गरेका छन् । महतोले संविधान जारी भएपछि छ महिना मधेसी जनताले संघर्ष गर्दा पनि हार बेहोर्नुपरेको बताए ।

महतोले केही समयदेखि लोसपा अध्यक्ष महन्थ ठाकुरसँग फरक मत राख्दै आएका थिए । उनले राष्ट्रिय मुक्ति आन्दोलन अभियान भएको र अहिले नै पार्टीको स्वरूप गठन गरिनसकेको बताएका छन् ।

■■■

### उपचुनाव इलाम-२...

प्रदेशको नाम कोशी राखिएपछि लिङ्देन रुष्ट छन् । उनले प्रदेशको नाम किरात-सगरमाथा नै प्रस्ताव गरेका थिए । तर, एमाले अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षसमेत रहेका सुवासचन्द्र नेम्बाङलगायत नेताहरूका कारण प्रदेशको नाम कोशी पारित भएको बुझाइ लिङ्देनको छ । उनै धर्मगुरु लिङ्देनको प्रभाव क्षेत्र लारुम्बाका एमाले नेतासमेत रहेका किरात धर्म तथा साहित्य उत्थान संघका केन्द्रीय अध्यक्ष डगेन्द्रसिंह थेगिमले पार्टी त्यागेका छन् । उनी पहिचान पक्षधर उम्मेदवार हुन् । शुक्रबार उनले उम्मेदवारी घोषणा गरे । उनका अनुसार दुई हजारभन्दा बढी पार्टी सदस्यले प्रदेशको नाम पहिचानविरोधी राखेको भनेर एमालेको सदस्यता नै नवीकरण गरेनन् । जसले गर्दा उम्मेदवार नै बनाए पनि सुहाङलाई चुनौती हुने देखिएको छ । तर सुहाङले आफू उम्मेदवार भएको अवस्थामा गठबन्धन दलहरू माओवादी र नेकपा एकीकृत समाजवादीको पनि मत पाउने विश्वास गरेका छन् ।

कांग्रेस नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापा समूहले त्यहाँ रमेश लिङ्देनलाई उम्मेदवार बनाउन चाहेको छ । रमेश नातामा किरात धर्मगुरु आत्मनन्दका बाजे पर्छन् । धार्मिक र थरगत सम्बन्धले निकट रमेशले उम्मेदवार भए आदिवासी बाहुल्य क्षेत्रबाट राम्रो मत पाउने दाबी गरेका छन् । उनी कांग्रेसअन्तर्गतको लोकतान्त्रिक आदिवासी जनजाति संघका केन्द्रीय सदस्यसमेत हुन् । यसअघि पनि कांग्रेसबाट उम्मेदवार हुन चाहन्थे । तर त्यसबेला पार्टीका जिल्ला सभापति डम्बर खड्का उम्मेदवार भए । उनलाई माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाले गठबन्धनमा रहेर समर्थन गरेका थिए । झिनो मतान्तरले एमाले नेता सुवाससँग पराजित भए । पार्टीमा संस्थापन (देउवा) पक्षीय नेता खड्काले यसपटक पनि उम्मेदवार बन्न दौडधुप गरिरहेका छन् । हालै उनले सभापति शेरबहादुर देउवासँग भेटघाट गरेर टिकट दिन आग्रह गरेका छन् । उनीसँगै नेताहरू भेषराज आचार्य र केशव थापाले पनि टिकटको दाबी गरिरहेका छन् ।

इलाम कांग्रेसमा सभापति खड्काभन्दा पनि आचार्य सांगठनिक पकड भएका नेता हुन् । आचार्यपछि पूर्वसभापति हिमालय कर्माचार्य पक्षको ठूलो वर्चश्व छ । खड्का समूह आचार्य र कर्माचार्य समूहभन्दा कमजोर छ । जसले गर्दा टिकटमा यसपटक असर गर्न सक्ने पनि विश्लेषण भइरहेको छ ।

माओवादी नेता धीरेन शर्माका अनुसार माओवादीले उम्मेदवार उठाउने सम्भावना न्यून छ । एमाले उम्मेदवारलाई समर्थन गर्ने सम्भावना बढी रहेको उनी बताउँछन् । उसो त माओवादी छाडेरै पत्रकार मिलन लिम्बूले सोमबार स्वतन्त्र उम्मेदवार भएको घोषणा गरिसकेका छन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघका महासचिव उनी युवा नेता हुन् । कतिपयको आशंका भने स्वतन्त्र भनेर उम्मेदवारी दिँदा जनमत प्राप्त हुने अड्कल मिलनले गरेको भन्ने छ । मिलनको घर किरात धर्मगुरु आत्मनन्द भएकै माङ्सेबुङमा पर्छ । युवा र त्यसमाथि आदिवासी पनि भएको हुनाले पहिचान पक्षधर र युवापुस्ताको मत प्राप्त हुने उनको विश्वास छ ।

■■■

### एक घण्टाभित्र...

सन् २०१६ मा विभागले वैदेशिक रोजगारीमा जाने कामदारहरूको तथ्यांक राख्न, अनलाइन टोकन उपलब्ध गराउन र श्रम स्वीकृति दिनका लागि फेइम्स सफ्टवेयर खरिद गरेको थियो । जसलाई ई-बिमा कम्पनीले आपूर्ति गरेको हो । हार्डवेयरको आपूर्तिकर्ता भने दृष्टि टेक कम्पनी रहेको छ ।

सफ्टवेयर नै पुरानो भइसकेको कारण फेइम्स प्रणालीमा पटक-पटक समस्या आइरहेको मन्त्रालयकै अधिकारीहरूको भनाइ छ । 'यसको सुधार भनेकै नयाँ सफ्टवेर प्रयोगमा ल्याउनु हो,' मन्त्रालयका एक अधिकारीले भने, 'यसअघिका सचिवज्यू (एकनारायण अर्याल)ले पनि प्रयास गरेकै हो, मन्त्रीज्यू (शरतसिंह भण्डारी)ले पनि पहल गरेकै हो तर समस्या जस्ताको तस्तै छ ।'

मन्त्रालयले फेइम्स प्रणाली सुधारका लागि आर्थिक व्यवस्थापन गर्न नसक्दा सेवाग्राहीले समस्या खेप्नुपरेको ती अधिकारीको भनाइ छ । यसअघि फेइम्स सुधारका लागि भन्दै मन्त्रालयले वैदेशिक रोजगार बोर्डमा रहेको श्रमिक कल्याणकारी कोषको १० करोड रूपैयाँ खर्च गर्न खोजेको थियो । तर, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रोकेपछि उक्त काम रोकिएको थियो ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७९/०५/०८ मा दर्ता भएको प्रा.लि.नं. २९७२१७ को **टुक टुक सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/०२ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/१२/०५**

यस कोठियाघाट सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको जंगली सिसौ जातको विभिन्न ग्रेडको गोलिया थान ६ को ८३.७६ घ.फि., बृक्षारोपण सिसौ जातको विभिन्न ग्रेडको गोलिया थान ११ को ७६.७७ घ.फि., खयर जातको गोलिया थान ८७ को २८६.६३ घ.फि. गोलिया काठ तथा सिसौ जातको १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री कोठियाघाट सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-३ कोठियाघाट बर्दिया**

---


## मोटर साइकल हरायो

हुलास फिन सर्भ लि ऋणी श्री चन्द्र बहादुर वाईवा नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८०/११/३० गते का.म.न.पा वडा नं. १५ बुद्धपार्कस्थित माईक्रो स्टेसन नजिकै रोडको साईडमा पाकिङ्गबाट दिनको ३:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार :Pulsar-200 NS
बाई नं. बागमती प्रदेश -०२-०४१ प ६६९५
चेसिस नं. :MD2A36FX8NCJ81138
इन्जिन नं.: JCXCMJ29313
रङ्ग : सेतो
सम्पर्क : 9827258033

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABICA CAFE COMPANY IS A COMPANY FOR ONE PERSON CO.

पूर्व स्वीकृति मिति : २०८०/११/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No. 301413 चलानी नं.:६०१९६७१९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee/beverage Maker | 1 | 0 | 1500 | ५३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mini Truck Driver | 1 | 0 | 2000 | ७०,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ११ गते (24th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com


---

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**मलाही मलंगवा, मोही फांट**

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वार्ड नं. ५ हाडिगाउँ बस्ने विष्णु प्रसाद लाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. साविक गा.वि.स. कविलासी वार्ड नं. ८ हाल कविलासी न.पा. वार्ड नं. ७ मा बस्ने **नेवालाल महतो** मुडियारीले काडमाडौं हाडिगाउँ बस्ने **विष्णु प्रसाद** लाई विपक्षी बनाई दावीको जि.स.गा.वि.स. बेला वार्ड न. ७ (ग) कि.नं. २५ को ज. वि. १-४-३ जग्गाको मि.नं. १८६२ को मोही नामसारी र मि.नं. २१५८ को मोही जग्गा बाँडफाँडको निवेदन दर्ता भई पेश हुँदा मिति २०७५/९/१३ को आदेशबाट यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम उल्लेखित जग्गाको मोही नामसारी र मोही जग्गा बाँडफाँड तर्फको कार्यवाही भै जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

---

**वालिङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वालिङ, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/१२/०५**

यस कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङकन गर्दा तपसिलको बोलपत्र न्यूनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही भई मूल्याङन समितिबाट स्वीकृतको लागि सिफारिस भए बमोजिम सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नम्बर | योजनाको नाम | छनौटको लागी सिफारिस भएको बोलपत्रदाता | बोल कबोल अंक (रु) (भ्याट समेत) |
|---|---|---|---|---|
| १. | ९/२०८०/२०८१ | ढुङगेधारा निर्माण वालिङ १, २, ९, ११ र १२ | बि.एण्ड बि. कन्स्ट्रक्सन, पोखरा | १२०४६९३२।४० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**सोलुदुधकुण्ड नगरपालिका**
ཨོཾ།སོལ་ཁུམ་ཧི་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
**नगर कार्यपालिकाको कार्यालय**
**सल्लेरी, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

## सोलुदुधकुण्ड नगरपालिकाको बोलपत्र संशोधन सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८०/१२/०५)**

यस कार्यालयको मिति २०८०/१२/०२ गते प्रकाशित सूचनामा बोलपत्र नं. 02/Goods/NCB-SDM-2080/081 को विडबण्ड बापत रकम र बोलपत्र दस्तुर छुट भएकोमा भोलिपल्ट पुनः सूचना प्रकाशन गर्दा शंसोधन हुनुपर्ने मा छुट भएको अङ्कसमेत राखी जस्ताकोतस्तै प्रकाशन हुन गएकोले उक्त मिति २०८०/१२/०३ गतेको सूचना रद्ध गरी मिति २०८०/१२/०२ गतेको सूचनामा विडबण्ड बापतको रकम र बोलपत्र दस्तुर छुटको रकम क्रमशः रू. ६५,०००।- र ३०००।- कायम गरी शंसोधन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

---

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत ५ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| **वृष** | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| **मिथुन** | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| **कर्कट** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **सिंह** | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| **कन्या** | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्याङ्कन हुनेछ । |
| **तुला** | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| **वृश्चिक** | सामान हराउने वा चोरी हुने भय छ । |
| **धनु** | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |
| **मकर** | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| **कुम्भ** | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| **मीन** | कार्य सम्पादनमा सहजता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत ५ गते, २०८०, १८ मार्च, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.१६ | १३२.७६ |
| युरो | १ को | १४४.५ | १४५.१५ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.५५ | १७०.३२ |
| स्विस फ्रैन्क | १ को | १५०.८३ | १५१.५२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.८२ | ८८.२२ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९९.२८ | ९९.७३ |
| जापानी येन | १० को | ८.९९ | ९.०३ |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४८ |
| साउदी अरब रियाल | १ को | ३५.२४ | ३५.०४ |
| कतारी रियाल | १ को | ३६.२४ | ३६.४१ |
| थाई भाट | १ को | ३.७५ | ३.७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | २८.२१ | ३६.१५ |
| मलेसियन रिङेट | १ को | १०.०४ | २८.३४ |
| दक्षिण कोरियन वन | १०० को | १०.९४ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १२.९४ | १३ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १६.९ | १६.९८ |
| कुवेती दिनार | १ को | ४३०.३५ | ४३२.०३ |
| बहराइन दिनार | १ को | ३५०.५८ | ३५२.१८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# राष्ट्रिय जनगणनाका तीन विषयगत प्रतिवेदन सार्वजनिक

**काठमाडौं–** राष्ट्रिय तथ्यांक कार्यालयले जनगणनाका नतिजा र जनगणना सञ्चालनसँग सम्बन्धित विषयगत चार प्रतिवेदन सार्वजनिक गरेको छ । प्रमुख तथ्यांक अधिकृत तोयम रायाले आइतबार यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय जनगणना २०७८ को नतिजामा आधारित तथ्यांकलाई विश्लेषण गरी तयार गरिएका विषयगत प्रतिवेदन सार्वजनिक गरेका हुन् ।

पछिल्लो जनगणनाअनुसार नेपालको कूल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको, वार्षिक औसत जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतका दरले वृद्धि भएको, नेपालको पहिलोपटक १९६८ सालमा लिएको जनगणनासँग तुलना गर्दा अहिले करिब पाँच गुणाले जनसंख्या वृद्धि भएको र जनसंख्या वृद्धिदर यही कायम रहे नेपालको जनसंख्या दोब्बरले वृद्धि हुन ७५ वर्ष लाग्ने तथ्यांक कार्यालयले जनाएको छ ।

पहाडी र हिमाली क्षेत्रका ३४ जिल्लाका वार्षिक जनसंख्या ऋृणात्मक र तराईका सबै जिल्लाका जनसंख्या धनात्मक रहेको, सबैभन्दा बढी ऋृणात्मक वृद्धिदर रामेछापमा -१.६७ प्रतिशत र सबैभन्दा बढी काठमाडौंमा सात प्रतिशत वृद्धिदर रहेको तथा करिब दुईतिहाइ अर्थात् ६६ प्रतिशत जनसंख्या नगरपालिका क्षेत्रमा रहेको आइतबार सार्वजनिक प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी वि.सं. २०६८ को तुलनामा समग्र साक्षरता दर ९.६ प्रतिशतले वृद्धि भई ७६.२ प्रतिशत पुगेको, महिलाभन्दा पुरुष साक्षरता दर करिब १४ प्रतिशत बढी रहेको, पहाडमा सबैभन्दा बढी ८०.९ र हिमाल तथा तराईमा लगभग बराबर अर्थात् ७३ प्रतिशत साक्षरता दर रहेको छ ।

त्यस्तै अन्य लिंगीको जनसंख्या दुई हजार ९२८ रहेको प्रतिवेदनमा उल्लेख छ । घर तथा परिवारको अवस्थासम्बन्धी प्रतिवेदनमा ६६ लाख ६० हजार ८४९ परिवारमध्ये ८६ प्रतिशत आफ्नै स्वामित्वमा भएको आवासीय एकाइमा, १२.८ प्रतिशत भाडाको घर र बाँकी सरकारी वा संस्थागत कार्यालयसहितका आवासीय एकाइमा बसोबास गर्ने उल्लेख छ । वि.सं. २०७८ को जनगणनाअनुसार परिवारको आकार औसतमा ४.४ जना रहेको, सुदूरपश्चिम र मधेस प्रदेशमा ४.७, नगरपालिकामा ४.३ र गाउँपालिकामा ४.५ जना सदस्य परिवारमा रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ का क्रममा मुलुकको आमसञ्चारमाध्यमले अपेक्षा गरेअनुसार समाचार सामग्री सम्प्रेषण गरेको सो अवसरमा सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रमुख तथ्यांक अधिकारी रायाले मुलुकको विकास निर्माणमा महत्त्वपूर्ण भूमिका रहने राष्ट्रिय जनगणना अभियानलाई सफल बनाउन प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा खटिने व्यक्ति संघसंस्था, वर्ग, समुदाय सबैलाई धन्यवाद दिँदै निरन्तर चलिरहने विषयगत क्षेत्रका गणनामा पनि सरोकारवाला पक्षबाट यसअघिजस्तै साथ सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गरे । *रासस*

# वसन्तपुरमा ठड्याइयो चीर



**काठमाडौं (प्रस)–** वसन्तपुरमा आइतबार बिहान होलीको 'चीर' ठड्याएर फागुपूर्णिमा (होली) को विधिवत् रूपमा प्रारम्भ गरिएको छ । परापूर्वकालदेखि मानन्धर समुदायले चीर ठडाएर फागुपूर्णिमाको पूजा गरी होलीको सुरुआत गर्ने परम्परा छ ।

स्थानीय तीर्थलाल तन्डुकारले आइतबार बिहानै चीरको पूजा गरी होलीको प्रारम्भ भएको बताए । यसै दिनदेखि काठमाडौंवासीहरू चीरको पूजा गरी आशीर्वाद लिने चलन छ ।

तन्डुकारका अनुसार चीरको टुप्पोमा झुन्डचाइएको रंगीविरंगी ध्वजालाई मानिसहरूले फागुपूर्णिमा समापन भएपछि घरमा लगेर राख्ने गर्छन् । 'चीरमा झुन्डचाइएको ध्वजा घरमा राख्दा शुभ हुन्छ भन्ने धार्मिक विश्वास छ,' उनी भन्छन्, 'यस ध्वजामा कृष्णलीला समेत समेटिएको हुने परम्परागत मान्यता छ ।' होलीको भोलिपल्ट टुँडिखेलमा लगेर चीर विर्सजन गरिन्छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PEARLING SEASON INTERNATIONAL SCHOOL**

पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 | LT. No. 301786 | चलानी नं. ६०२१६६८१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 10 | 0 | 1000 | ३६,४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR SERVICES | 3 | 0 | 1000 | ३६,४३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Habib International Pvt. Ltd.** श्रम ईजाजत नं. ८०२/०६५/०६६

Lalitpur-15, Satdobato. Nepal. Tel.: +977-01-5548070, 5548071, Fax: +977-01-5548069


## Narainapur Rural Municipality

### Office of Rural Municipal Executive

Narainapur, Banke

Lumbini Province, Nepal

## Invitation for Electronic Bids (E-Bidding)

Date of publication: 5th Chaitra, 2080 (18th March, 2024)

1. Narainapur Rural Municipality, ***Narainapur, Banke*** invites **Electronic Bids** from eligible bidders for the works as described in table under National Competitive Bidding - Electronic Procedures

| S.N. | *Contract Identification* | *Name of Project & Location* | *Estimated Amount (without Vat, Contingencies & PS Items) NRs.* | *Bid Security Amount* | *Cost of Bid NRs.* |
|---|---|---|---|---|---|
| *1* | NRM/WORKS/ NCB/ROAD/04/ 2080-081 | Construction of PCC Road From Suiyaa Chowk To Boarder, Narainapur -01,Banke. | *51,43,598.12 /-* | *1,50,000.00/-* | *3000/-* |

2. Eligible bidders may obtain further information from Narainapur Rural Municipality, ***Narainapur, Banke***, www.narainapurmun.gov.np, Tel: +977-9860301475 or may visit PPMO EGP system of http://www.bolpatra.gov.np/egp.

**Details of Bid:-**

| Last Date and Time of submission of e-bids | Date and Time of Opening | Pre-bid meeting | Bid Validity Period | Bid Security Validity Prediod |
|---|---|---|---|---|
| 7th Baishakh 2081 (19th April 2024); 12:00hrs | 7th Baishakh 2081 (19th April 2024) 13:00hrs | 20th Chaitra 2080 (2nd April 2024); 13:00hrs | 90 days counting from the day of bid opening | minimum 30 days beyond the bid validity period |

3. Electronic Bidding Document for each contract identification number are available online and can be downloaded/purchased from PPMO"s website ttp://www.bolpatra.gov.np/egp, the Bidders have to download the necessary part of bidding documents and submit their electronic bids as specified in the Instructions to Bidders. The Bidder is required to deposit the non-refundable fee as mentioned for bidding document in the Revenue (Antrik Rajashwa Kosh) account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher must be submitted along with the electronic bid files.

   **Information to deposit the fee of Bidding Document in Bank:**

   Name of the Bank: ***Sunrise Bank Ltd.***

   Office Name: Narainapur Rural Municipality,Narainapur,Banke

   Antrik Rajshwa Kosh Account No. : 0740488087703006 (For Cost of Bidding Document)

   Revenue Head No: 14229

4. Bidder Shall submit the electronic bid only through website http://www.bolpatra.gov.np/egp only ***or Bidder who choose to deposit cash as bid security account is mentioned below:***

   ***Name of the Bank: Sunrise Bank Ltd.***

   ***Office Name:*** Narainapur Rural Municipality,Narainapur,Banke

   ***Deposit Account No:*** 0740488087701004 ***(Dharauti khata)***

5. Bid Documents will not received at Narainapur Rural Municipality Office on the deadline of the submission in online process (E-Bidding) & Bidders will be automatic rejected. Bids will be opened in the presence of the Bidders representatives who choose to attend at the address**.**

6. If the last day for submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

7. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064(Amended).

…………………………..

**Bharat Basnet**

**(Act. Chief Administrative Officer)**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NM PACKAGING (M) SDN.BHD**

पूर्व स्वीकृति मिति २०८०/03/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 | LT. No. 289474 | चलानी नं. ६०२०४७४४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **YONG KHA PACKAGING INDUSTRIES SDN BHD**

पुर्व स्वीकृति मिति: २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 | LT. No. 287000 | चलानी नं. ६०२०२३२७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 78 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HAPPY GRASS PRODUCTS SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/04/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 | LT. No. 290426 | चलानी नं. ६०२०५६५२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **FSM TECHNOLOGIES (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०१/0८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 | LT. No. 285176 | चलानी नं. ६०२००५२०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 38 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **U.K.L. INDUSTRIES SDN. BHD.**

पूर्व स्वीकृति मिति २०८०/१२/0२ | LT. No. 301607 | चलानी नं. ६०२१६६६८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 20 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL KOUT BEACH HOTEL KUWAIT**

पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/04 | LT No. 292294 | चलानी नं. ६०२०७३३९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 2 | 0 | 120 | ५१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Room Attendant Cleaner | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 4 | Laundry Attendant | 2 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 5 | Kitchen Steward | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 130 | ५६,१४५ | | | | | | | |
| 7 | Salon Beautician | 0 | 8 | 200 | ८६,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

साथै यस कम्पनीको लागि Receptionist-1 (F) र Documentation-1 (F) को आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-32, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BUDI FEED SDN. BHD.**

पूर्व स्वीकृति मिति २०८०/१२/0२ | LT. No. 301595 | चलानी नं. ६०२१६६६९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **FAST BUILDER CONSTRUCTION**

पूर्व स्वीकृति मिति २०८०/१२/0२ | LT. No. 301717 | चलानी नं. ६०२०१२९१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1300 | ४७,३७० | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1500 | ५४,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**

श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC**

पूर्व स्वीकृति मिति २०८०/03/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 | LT. No.288940 | चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795

E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कामपाको उदाहरणीय काम

काठमाडौं महानगरपालिकाले विभिन्न स्थानको प्राचीन नाम पुनरुत्थान कार्य सुरु गरेको छ । नामकरणको क्रममा वास्तविक नामलाई मेटेर नयाँ नाम राखिएकोमा पुरातत्त्वविद्, इतिहासविद्हरूसँग छलफल गरी महानगरले रैथाने नाम राख्ने प्रक्रिया सुरु गरेको हो । यस्तो काम महानगरले पाँचवटा वडाबाट सुरु गरेको छ । धार्मिक, सांस्कृतिक महत्त्व बोकेको स्थानको रैथाने नाम हुने गर्छ । तर लेखनका विभिन्न स्थानको नामको नक्कल गर्ने क्रममा इतिहास छोप्ने कामसमेत हुने गरेको देखिएको छ । यही विषयलाई मध्यनजर गर्दै महानगरले पुष्टि भएका ठाउँको नाम प्राचीन बोलीचालीअनुसार राख्न थालिएको हो ।

हाँडीगाउँको प्राचीन नाम नरः हो । बौद्धको प्राचीन नाम खस्योरः वा खास्ती हो । नरदेवीको प्राचीन नाम ङतः हो । वडा नम्बर २४ मखन महानगरले नरः मा ५२ वटा, खस्योरमा ५० वटा, ङतःमा ३६ वटा अभिलेखन गरिसकिएको छ । यी नामहरू अब प्रचलनमा ल्याइने महानगरपालिकाले जनाएको छ । आफ्नो मातहतमा रहेका टोल, बस्ती, मठ, मन्दिर, बहाल, वही, धारा, सत्तल, पाटीहरूको अध्ययनबाट प्राचीन नाम खोजेर संस्कृतिविद्, पुरातत्त्वविद्, भाषाविद् तथा इतिहासविद्सँग नाम पुष्टि गर्ने काम सुरु भइसकेको कामपाले जनाएको छ ।

उक्त कार्यको सुरुआत पांचवटा वडाबाट भएको कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जानकारी दिए । उनका अनुसार विभागले एकीकृत सहरी विकास केन्द्र (सिआइयुडी) सँगको सहकार्यमा विभिन्न स्थानको प्राचीन नाम अध्ययन गरेको हो । अध्ययनका क्रममा संकलन भएको प्रारम्भिक सूचनालाई लिखित अभिलेख, शिलालेख, सरकारी कागजात (जग्गा नामसारी वा पास गर्दा वा चारकिल्ला प्रमाणित गर्दाको नाम), संस्कृतिविद्, इतिहासविद्, पुरातत्त्वविद्, स्थानीय, जनप्रतिनिधिसँग समेत सोधिएको महानगरले जनाएको छ ।

विभिन्न कारणले अर्कै स्वरूपमा पुगेका नामलाई पुनरुत्थान गर्दा रञ्जना लिपि, देवनागरी लिपि र अंग्रेजी भाषामा नामपाटी राखिने छ । अनुसन्धानकर्ता आर्किटेक्ट अस्मिता श्रेष्ठका अनुसार नेवार समुदायका महिलाले प्रयोग गर्ने परम्परागत पोसाक हाकुपटासीमा भएको रातो र कालो रङको पृष्ठभूमिमा 'नामपाटी' (नेमप्लेट) राखिने छ । ढुंगेधारा, सत्तलका नाम यही रङ संकेतलाई फरक देखिने बनाउने प्रस्ताव गरिएको छ ।

महानगरले अब नगरको नाम पनि परिवर्तन गर्ने आँट गर्नुपर्छ । काठमाडौंको पुरानो नाम 'यम्बु' वा 'याः' हो । काष्ठमाण्डप मन्दिर बनेपछि यहाँको नाम पछि काठमाडौं बनेको हो । प्रचीन नामको खोजी सांस्कृतिक महत्त्वको विषय हो । यसलाई प्राथमिकतामा राख्नु काठमाडौं महानगरको उदाहरणीय कार्य हो ।

## मनन्योग्य

### चाणक्य नीति

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।'

'त्यस्तै यी सबै राजा आफू - आफूमा स्वतन्त्र छन्, तर तपाईं सबैले एक केन्द्रीय शक्तिको अधीनमा रहनुपर्छ जसले विपत्तिमा रक्षा गर्छ । यो विशाल राज्य सुचारु रूपबाट चलोस् भन्ने उद्देश्य त्यसका लागि एउटा केन्द्रीय सेनाको गठन भएको छ जसको सेनापति वीर मलयकेतु हुनुहुनेछ ।'

यसरी चाणक्यका प्रत्येक उद्घोषणपछि 'राजर्षि चाणक्यलाई जय' 'महात्मा चाणक्यको जय' उच्चारण गर्दै ताली दिँदै आएका राजाहरूले आफ्नो हार्दिक प्रसन्नता व्यक्त गरे ।

चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए । उनका लागि केही कुनै आकर्षक वस्तु थिएन । एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो ।

उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- 'महामात्य ! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ । सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो ।

भारतवर्षका महामात्यमा कष्ट उठाउने क्षमता छ, मलाई विश्वास छ, राक्षस रहन्जेल यो सारा राज्य सुरक्षित छ । यही नै विश्वास मेरो विदाइका बखत सबैभन्दा ठूलो सुख हुनेछ ।'

'राक्षसको मुखको भाव अत्यन्तै विह्वल पार्ने खालको थियो । उनका आँखाबाट आँसुका धारा बगिरहेका थिए । उनी अवरुद्ध घाँटीले भन्दै थिए- 'तपाईंले सम्पूर्ण कुरा दिएर आज मेरो सर्वस्व लुट्नुभयो । म जान्दैनथें, चाणक्यका हृदयमा दया र त्यागको अतुलित भण्डार पनि लुकेको छ, राज्यको सम्पूर्ण सुखमा जीवनभरि आचार्यको अभावले मुटु घोचिरहनेछ ।'

# आखिर मानिस किन बसाइँ सर्छ ?



▶▶ चेतन अधिकारी

> संघीयताको जगका रूपमा रहेका पालिका केन्द्रमा सानासाना सहरी स्वरूपमा बजार बढ्लान्, तिनले सानोतिनो रोजगारी उपलब्ध गराउलान् भन्ने धेरैलाई लागेको थियो । स्थानीय तहको संरचना निर्माण भएको आठ वर्ष बितिसक्दा पनि मानिसले अपेक्षित परिणाम पाउन सकेनन् । फलतः मानिस आफ्ना आवश्यकताको खोजीमा गाउँ छोड्दै ठूला सहरतिर पसे । सहरले पनि थेग्न नसकेपछि विदेशतिर अस्थायी र स्थायी रूपमा बसाइँ सर्दै छन् ।

हिजोआज बसाँइसराइले गाउँ रित्तिएका, सहर भरिएका, हिमाल पहाड बिराना बनेका, तराईमा घना बस्ती बसेका विषयहरू जतातत्तै सुन्न र हेर्न पाइन्छ । मानिस किन यसरी चलायमान भएका हुन् ? उनीहरूलाई के नपुगेर बसिरहेको ठाउँबाट हिँडेका हुन् वा के पाइन्छ भनेर नयाँ-नयाँ ठाउँ खोज्दै भौतारिएका हुन् ? यस्ता प्रश्नहरूलाई यतिबेला मञ्चको अवस्था हेरी फरक-फरक तरिकाले प्रस्तुत गरिने गरेको छ । पहिलापहिला सुनिने जन्मदर घटाऔं, दुई मात्र सन्तान जन्माऔं भन्ने नारा सुनिन छाडेका छन् । सुनिन्छन् त केवल मानिस उता सरे, यता सरे । यताको गाउँ रित्तियो, उताको सहर भरियो मात्र । सरसर्ती हेरौं नेपालीहरू कसरी बसाइँसराइको परम्परागत मार्ग पछ्याउँदै हिमाल पहाडबाट ओरालो झरिरहेका छन् ।

### प्रजातन्त्र, पञ्चायत हुँदै गणतन्त्रसम्मका दृश्य

राणाशासन अन्त्य भएर नेपालमा प्रजातन्त्रको उदय भइसकेपछिको पहिलो जनगणना अर्थात् जनगणनाको पाँचौं शृंखला २००९/११ सालको जनगणनामा नेपालको हिमाल र पहाडी भूभागमा कूल जनसंख्याको ६४.८ र तराईमा ३५.२ प्रतिशत मानिसहरू बस्दथे । प्रजातन्त्रलाई राजा महेन्द्रले जफत गरेर पञ्चायती व्यवस्था सुरू गरेको अर्को वर्ष गरिएको २०१८ सालको जनगणनामा हिमाल र पहाडमा बस्ने जनसंख्या घटेर तराईमा बस्ने जनसंख्या बढ्न थाल्यो । यसअनुसार हिमाल र पहाडमा ६३.६ र तराईमा ३६.४ प्रतिशत मानिस बसोबास गरेको देखिन्छ ।

वि.सं. २०२८ देखि हिमाल र पहाडको जनसंख्यालाई अलगअलग रूपमा प्रस्तुत गर्न थालियो । यसअनुसार पहाडमा कूल जनसंख्याको आधाभन्दा बढी मानिसको बसोबास देखिन्छ । त्यसबेला ५२.६ प्रतिशत मानिस पहाडी भूगोलमा बसेका थिए । तराईमा ३७.६ प्रतिशत मानिसको बसोबास थियो । २०३८ सालको जनगणनाले पहाडी क्षेत्रलाई पहिलोपटक अल्पमतमा रहेको देखायो ।

यसबेला पहाडको जनसंख्या अघिल्लो दशकमा भन्दा करिब छ प्रतिशत घटेर ४७.७ प्रतिशतमा सीमित हुनपुग्यो । यसको ठीक विपरीत तराईको जनसंख्याको हिस्सा अघिल्लो दशकभन्दा छ प्रतिशत नै बढ्यो । अर्थात् २०३८ को दशकमा नेपालको तराई क्षेत्रमा ४३.६ प्रतिशत मानिस बसोबास गर्न थाले । यो दशकमा हिमाली क्षेत्रको जनसंख्या पनि उसैगरी ओरालो लाग्ने क्रममा देखियो । अघिल्लो दशकमा ९.९ प्रतिशत जनसंख्या ओगटेको यो भूगोलमा ८.७ प्रतिशतमात्र मानिस देखिए ।

### प्रजातन्त्रको पुनःस्थापनापछि पनि अवस्था उस्तै

नेपालमा बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि अर्थात् २०४८ जेठ-असारमा नयाँ जनगणना भयो । यसले पनि जनसंख्या वितरणको पुरानो प्रवृत्ति अर्थात् तराई उन्मुख जनसंख्याको वृद्धिदर उच्च नै देखायो । पहाडको हिस्सा घट्दै गएको तस्बिर यसले सार्वजनिक गर्‍यो । २०४८ सालमा पहिलोपटक तराईमा पहाडमा भन्दा बढी जनसंख्या देखियो । यो वर्ष पहाडमा जनसंख्याको ४५.५ प्रतिशत र तराईमा ४६.७ प्रतिशत जनसंख्याको बसोबास देखियो । माओवादीको सशस्त्र द्वन्द्वको चरम उत्कर्ष समय अर्थात् २०५८ सालमा भएको जनगणनामा पहाडको जनसंख्याको हिस्सा घटेर ४४.३ प्रतिशतमा झर्‍यो भने तराईको ४८.४ मा पुग्यो ।

यसै वर्षदेखि पहाडका केही जिल्ला अब ऋणात्मक वृद्धिदरतर्फ जाँदै छन् भन्ने संकेत मिलिसकेको थियो । देशको औसत जनसंख्या वृद्धिदर २.२५ प्रतिशत भएको यो समयमा तेह्रथुम, खोटाङ, पर्वतजस्ता जिल्लाको जनसंख्या वृद्धिदर एक प्रतिशतभन्दा न्यून देखियो ।

### गणतन्त्र स्थापनापछि झन् ठूलो लर्को

नेपालमा गणतन्त्र आइसकेपछि पहिलोपटक २०६८ सालमा जनगणना भयो । नेपालमा जनगणना सुरू भएको एक शताब्दी पुगेको अवसरमा यो जनगणना भएको थियो । यस जनगणना हिमाली र पहाडी क्षेत्रका लागि सुखद् देखिएन । यसपटक एकैचोटि २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखियो । यसरी जनसंख्या क्षति व्यहोर्ने जिल्लाहरू मध्यपहाडी क्षेत्रका धेरै थिए । यसपटक पूर्वमा पाँचथरदेखि पश्चिममा धौलागिरि पूर्वका जिल्लामा ठूलो मात्रामा जनसंख्या कमी भएको देखियो ।

यस जनगणनामा तराईमा पहिलोपटक नेपालको आधाभन्दा बढी जनसंख्या रहेको तथ्यांक सार्वजनिक भयो । यहाँ पहाडमा ४३ प्रतिशत जनसंख्या हुँदा तराईमा ५०.३ प्रतिशत जनसंख्या देखियो । यो तथ्यांकले एकैचोटि दुईवटा प्रश्न जन्मायो । राजतन्त्रको अन्त्यसँगै मानिस राजनीतिक अधिकार पाए । नेपालीको स्वतन्त्रताको सीमा पनि बढ्यो । यसमा खुसी हुनुपर्ने कारण पनि थियो । तर किन मानिस पहाडी र हिमाली क्षेत्रको परम्परागत थातथलोलाई छोडेर नयाँ गन्तव्यतिर लागेका हुन् ? अर्कोतिर तराईको उर्वर भूमिमा मानिसहरूको चाप बढ्दै गएपछि त्यहाँको अन्न भण्डारमा घरैघर हुने भए ।

पहाडमा मानिस नबसेर खेतबारी बाँझा भए । यसले खाद्यान्नको परनिर्भरतालाई थप मलजल हुने स्थिति देखियो । दोस्रो यही रितले मानिसहरूले पहाडबाट बसाइँ सर्दै तराईतिर झर्ने हो भने पहाडको भविष्य के हुन्छ ? हिजो कुनै बेला औलो र जंगली जनवारका कारणले तराई क्षेत्र बस्न अयोग्य भएजस्तै मानिसहरू छोड्दै गएपछि जंगल र जंगली जनावरको बिगबिगीका कारणले मानिस बस्न योग्य होला त ?

यसै समयदेखि पहाडमा बाँदर आतंकका समाचारहरू आउन थाले । यो विषय अहिले संसद्मा पनि पटकपटक उठ्ने गरेको छ । वि.सं. २०७८ मा नेपालले संघीय लोकतान्त्रिक गणतन्त्र अवलम्बन गरेपछि पहिलो जनगणना थियो । यसले जनसंख्या वितरणको भौगोलिक परिवेशलाई झनै विकराल देखायो । यसपटक तराईको जनसंख्याको हिस्सा बढेर ५३.६१ देखायो भने पहाडको घटेर ४०.३१ मा सीमित भयो । त्यतिमात्र होइन, अघिल्लो दशकमा ऋणात्मक जनसंख्या भएका २७ वटा जिल्ला रहेकामा यस दशकमा हिमाल र पहाडका अरू सातवटा जिल्ला थपिएर ३४ वटा जिल्लाको जनसंख्या ऋणात्मक वृद्धितर्फ गए ।

अघिल्लो दशकमा धौलागिरि पूर्वको पहाडले भोगेको जनसंख्या क्षति यसपटक लुम्बिनीका रोल्पा, रुकुम र कर्णालीका जाजरकोटबाहेक सुदूरश्चिम पहाडसम्म नै यो प्रवृत्ति फैलियो । अघिल्लो दशकमा दुई लाख ६१ हजार ७७० जनसंख्या र १.५० प्रतिशत वार्षिक जनसंख्या वृद्धिदर भएको दैलेख २०७८ मा आइपुग्दा दुई लाख ५२ हजार ३१३ जनसंख्या र ०.३५ प्रतिशतको वृद्धिदरमा झर्‍यो । २०६८ को दशकसम्म बाह्य बसाइँसराइको रोगले नछोएको सुदूरपश्चिम पहाड २०७८ सालमा आइपुग्दा यही रोगबाट आक्रान्त भयो । त्यसबेलाको पहाडी क्षेत्रको गुल्जार कस्तो थियो भन्ने कुरा डोटी जिल्लाको एउटा तथ्यांकबाट अनुमान लगाउन सकिन्छ । त्यहाँ २०५८ सालमा दुई लाख सात हजार ६६ जनसंख्या थियो भने जनसंख्या वृद्धिदर २.२ प्रतिशत थियो । २०६८ सालमा यो जनसंख्या दुई लाख ११ हजार ७४६ पुग्यो भने जनसंख्या वृद्धिदर ०.२२ प्रतिशतमा सीमित भयो । २०७८ सालमा त यो जनसंख्या घटेर दुई लाख ४२ हजार १५७ मात्र भएन वृद्धिदर पनि घटेर -०.३२ प्रतिशतमा झर्‍यो ।

### मानिस किन बसाइँ सर्छ ?

मानिस किन बसाइँ सर्छ भन्ने सम्बन्धमा विभिन्न मत पाइन्छन् । जर्मनका भूगोलविद् वाल्टर क्रिस्लरले सन् १९३३ मा 'सेन्टर प्लेस थ्योरी' प्रतिपादन गरेका थिए । उनको यो सिद्धान्तमा सहर र गाउँको सम्बन्ध उल्लेख गरिएको थियो । जहाँ सहरले रोजगारी दिन्थ्यो । आर्थिक गतिविधिहरूलाई बढावा दिन्थ्यो । त्यस वरपरका गाउँहरूले यसको फाइदा लिन्थे । गाउँ सहरको सम्बन्ध षडकोणजस्तो हुन्थ्यो । हरेक कोणले गाउँलाई सहरीकरण हुन प्रेरित गरिरहेको हुन्थ्यो । समयक्रममा ती गाउँहरू फेरि सहरमा रूपान्तरण हुन्थे र त्यसभन्दा टाढाका अरू गाउँहरूलाई सहरी सुविधा दिन्थे । यो क्रम लम्बिँदै जान्थ्यो । अनि अर्धसहरी क्षेत्रहरू सहरी क्षेत्रमा परिणत हुन्थे ।

सहरी योजना निर्माणमा संसारभरि नै प्रचलित यो सिद्धान्तले पनि हाम्रा हिमाली र पहाडी गाउँहरूलाई समेट्न नसकेको देखिन्छ । किनकि यी क्षेत्रमा निर्माण भएका हिजोका जिल्ला सदरमुकामका सहर आफैं रोजगारी र अवसर नपाएर पलायन भइरहेका छन् । संघीयताको जगका रूपमा रहेका पालिका केन्द्रमा सानासाना सहरी स्वरूपमा बजार बढ्लान्, तिनले सानोतिनो रोजगारी उपलब्ध गराउलान् भन्ने धेरैलाई लागेको थियो । स्थानीय तहको संरचना निर्माण भएको आठ वर्ष बितिसक्दा पनि मानिसले अपेक्षित परिणाम पाउन सकेनन् । फलतः मानिस आफ्ना आवश्यकताको खोजीमा गाउँ छोड्दै ठूला सहरतिर पसे । सहरले पनि थेग्न नसकेपछि विदेशतिर अस्थायी र स्थायी रूपमा बसाइँ सर्दै छन् ।

बसाइँ सर्न मानिसलाई सहज छैन । यसले आफ्नो पुर्ख्यौली थलो छोडेर हिँडेको छ । उसका अनुभव सुन्ने हो भन्ने बसाइँ सर्न कति कठिन छ भन्ने अनुमान लगाउन सकिन्छ । पुस्तौंदेखि बसिरहेका छरछिमेकी, पशुचौपायादेखि ढुंगामाटोसम्मको माया मानिसले अनुभूत गर्दछ । मानवीय संवेदनायुक्त यो परिवेशलाई चिरेर पराइ ठाउँमा बसाइँ सर्नु आफैंमा साहस र जोखिमको भारी बोक्नु हो तर हरेक चुनौतीसँगै अवसर देख्ने मानवीय स्वभावले मानिसलाई सधैं माटोसँगको भावनात्मक माया गाँसेर मात्र बसिरहन दिँदैन । त्यसैले उनीहरूले थप स्रोत साधन, शिक्षा, स्वास्थ्य रोजगारी र आफ्ना सन्तानको सुन्दर भविष्यका निम्ति पुर्ख्यौली थलो छोड्छन् । यो मानवीय स्वभावलाई रोक्न खोज्नु खोला थुन्नुजस्तै हो । जनसंख्या परिवर्तनका तीन तत्त्वमध्ये बसाइँसराइ यस्तो तत्त्व हो, जसले दुवैतिरको जनसंख्यालाई असर गरेको हुन्छ । व्यक्ति जहाँबाट बसाइँ सरेको हो (उद्गम स्थान), त्यसले त्यहाँको जनसंख्या घटाउन मद्दत गरेको हुन्छ भने बसाइँ सरेर जहाँ जाने हो (गन्तव्य स्थान) त्यहाँको जनसंख्या बढाउन मद्दत गर्दछ ।

### बसाइँसराइको लहरो देश बाहिरसम्मै

बसाइँराइको लहरो देशभित्र मात्र होइन, देश बाहिरसम्म लहरिएको छ । देशका कुनाकाप्चासम्म सडक सञ्जालको विस्तार हुँदै जाँदा र विश्वका विभिन्न देश हवाई मार्गमार्फत जोडिँदा पुर्ख्यौली थलोहरू बिराना हुँदै गएका हुन् । मानिसहरू नयाँ-नयाँ अवसरको खोजीमा नयाँ-नयाँ ठाउँमा गएर बसोबास गरिरहेका छन् । बसाँइसराइको यो प्रवृत्तिले समाजमा र देशमा पर्नसक्ने र परिरहेका असर र प्रभावप्रति भने सरकार जानकार हुनुपर्दछ ।

मानिसको चहलपहलअनुसार नै विकासका ढाँचाहरू बदलिनु पर्दछ । देशका नागरिक जता गए पनि यसलाई दिने सुविधा पनि त्यतै केन्द्रित गर्नुपर्दछ । गाउँठाउँमा अल्पमतमा बसेका मानिसहरूलाई पनि राज्यले सुविधा दिनै पर्दछ तर उनीहरूलाई एकीकृत बस्तीमार्फत एक ठाउँ जुटाएर सहजै विकासका पूर्वाधार पुर्‍याउनतर्फ सरकारले सोच्ने बेला भएको छ । *रासस*

# अधुरो सपना



▶▶ मनिला प्रजापति

सानो हुँदा कसैले पछि के बन्छौं ? भनेर सोध्दा म यो बन्छु भनेर भन्न कति सजिलो थियो । मेरो पनि छुट्टै सपना थियो, सानो हुँदा त मलाई म के बन्छु भनेर राम्रोसँग सोचेकी पनि थिइनँ । तर मेरो आमाले बारम्बार मलाई विमान परिचारिकाकोबारेमा भनिरहँदा मलाई पनि यस क्षेत्रप्रति संलग्न हुन मन लाग्न थाल्यो । हवाई उद्योगको हिस्सा बन्ने चाहना पलायो । वायुसेवा यात्रुहरूलाई यात्रा समयमा सेवा गर्ने विमान परिचारिकाहरूको त्यो व्यक्तित्वबाट म प्रभावित भएकी थिएँ ।

मेरो मात्र होइन त्यो सपना । पहिलादेखि नै मेरी आमाले मलाई विमान परिचारिका (एयर होस्टेस) बन्ने उहाँको इच्छाबारे भनिराख्नुहुन्थ्यो । विमान परिचारिकाको आकर्षक व्यक्तित्व र इमानदारिता एकदमै मनपराउनुहुन्थ्यो । तर समय अभाव साथै परिवारसँगको गहिरो सम्बन्धले गर्दा परिवारबाट टाढा भएर काम गर्न उहाँले नसकिने जस्तो अनुभूति भयो । त्यसै कारणले उहाँले आफ्नो सपनालाई त्याग गरी पारिवारिक जिम्मेवारी पूरा गर्नेतर्फ लाग्नुभयो । त्यसैले उहाँको त्यो अधुरो इच्छा पूरा गर्ने सपना म मा देख्नुहुन्थ्यो । यस क्षेत्रप्रतिको उहाँको लगाव पहिल्यैबाट सुन्दै आएकी थिएँ । यी सबै कुराले मलाई पनि एयर होस्टेस बन्न प्रेरित गर्न थाल्यो । मेरो मात्र नभई यो सपना मेरी आमाको पनि हो । त्यसैले मेरो यो सपना पूरा होस् भन्ने चाहनाका साथ उहाँले मलाई जहिल्यै साथ र हौसला दिइरहनु भएको छ ।

मेरो यो सपनालाई वास्तविकतामा परिणत गर्न पहिला त सम्बन्धित क्षेत्रमा डिग्री हासिल गर्न जरुरी छ । त्यसकै लागि मैले तालिम लिएँ । त्यहाँ गएर मैले धेरै कुरा सिक्ने मौका पाएँ । एयर होस्टेसको जिम्मेवारी कति कठिन रहेछ भन्ने थाहा पाएँ । आपत्कालीन समयमा आफूभन्दा पहिले यात्रुलाई कसरी सुरक्षित गर्ने ? के सुझाव दिने ? यात्रुको सुरक्षाका लागि के गर्नुपर्छ जस्ता कुराहरू सिकेँ । योबाहेक पनि ग्रुमिङ, स्विमिङजस्ता धेरै कुरा सिक्न पाएँ । मैले एयर होस्टेस बन्न आवश्यक उडान प्रशिक्षण प्राप्त गरेँ । उडान प्रशिक्षणको आर्थिक बोझदेखि पेसाको माग गरिरहेको अहिलेको प्रकृतिसम्म धेरै अवरोधहरू आइपरिरहेको छ । आवश्यक सम्पूर्ण तालिम लिइसकेपश्चात् यसका लागि मैले मेरो सम्पूर्ण जोससहित प्रयास गर्दै आइरहेकी छु ।

### यसकारण अधुरो रह्यो सपना

आवश्यक प्रशिक्षणहरू त प्राप्त गरेँ । तर पनि एउटा कुराको कमी भने महसुस भएको थियो; मेरो उचाइ । आजभोलि सबै क्षेत्रमा प्रतिस्पर्धा र चुनौतीहरू हुन्छन् । विशेषगरी यो पेसामा त झन् बढी नै छ जस्तो लाग्छ । यो पेसामा संलग्न हुन राम्रो र आकर्षक व्यक्तित्व मात्र हैन उचाइ पनि उतिकै हुनु आवश्यक छ । आन्तरिक उडानका लागि पाँच फिट दुई इञ्च उचाइ चाहिन्छ । मेरो भने पहिला पाँच फिट एक इञ्च मात्र थियो । आकर्षक व्यक्तित्वमात्र भएर के गर्ने, उचाइ नपुगेपछि । पहिले उचाइ कम भएकोमा वास्ता नै नलाग्ने मलाई आज यही कुराले अशान्त बनाइरहेको महसुस हुन्छ ।

मेरो प्रयास जारी नै थियो । तालिम सकेपछिको पहिलो प्रयास असफल नै रह्यो । त्यसपश्चात् उचाइ बढ्छ कि भन्ने आशाले मैले दैनिक योगा, व्यायाम गर्न थालेँ । एक डेढ वर्षपश्चात् त साँच्चै नै आधा इञ्चजति उचाइ बढ्यो । पाँच फिट २ इञ्च अझै पुगेको छैन; मनमा लाग्दा पनि मैले दोस्रोपटक फेरि आवेदन दिएँ त्यसमा म सफल त भएकी थिइनँ तर पनि त्यति प्रयास गरेकोमा म एकदमै सन्तुष्ट र खुसी भएकी थिएँ । मेरो कोसिस अझै पनि छ; त्यो आधा इञ्चको लागि म अहिले पनि दैनिक व्यायाम र योग गरिरहेकी छु । म मेरो यो सपना प्राप्त गर्न अझै पनि प्रयास गरिराख्ने छु ।

यो सपना सँगसँगै म पत्रकारिता अध्ययनरत छु । म अहिले पत्रकारीता विषय लिई चौथो वर्षमा अध्ययनरत विद्यार्थी हुँ । मेरो एयर होस्टेस बन्ने सपना त छँदै छ तर समाचार लेख्ने, कार्यक्रम चलाउने यो इच्छाले पनि मैले विभिन्न रेडियो कार्यक्रमहरू चलाउने, समाचारहरू लेख्ने गरिसकेकी छु । जिन्दगीको जुन मोडमा पुगे पनि मेरो एयर होस्टेस बन्ने सपनासँगै मेरो पढाइको विषय पत्रकारितालाई पनि निरन्तरता दिई अगाडि बढ्दै जान चाहन्छु ।

# आगलागीका घटना बढ्दो, मानवीयसहित करोडौंको क्षति

**काठमाडौं (प्रस)–** केही दिनयता देशभर आगलागीका घटना बढेका छन् । आगलागीबाट जनधनको क्षति हुने क्रम बढेको छ । भोजपुरको हतुवागडी गाउँपालिका-७ मा शनिबार आगलागीमा परी एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ । पछिल्लो दुई दिनमा उदयपुर, भोजपुर, मोरङ, खोटाङ, रामेछाप, काठमाडौं, महोत्तरी, सुर्खेत, तेह्रथुम, सप्तरी, ताप्लेजुङलगायत जिल्लामा आगलागी र डढेलोका घटना भएका छन् । केही ठाउँमा मानव बस्ती नै विस्थापित भएको छ ।



मोरङको पथरी शनिश्चरे वडा नं १ बुद्धचोकमा रहेको कोशी चिउरा मिलमा शनिबार राति आगलागी हुँदा एक करोड ५० लाख रूपैयाँ बराबरको क्षति भएको अनुमान छ । राति १२ बजे मिलमा आगलागी हुँदा मिलका मेसिनरीसहित त्यहाँ राखिएको अन्न खरानी भएको छ ।

मिलमा आगो सल्केको दुई घण्टापछि मात्र स्थानीयले थाहा पाएका थिए । स्थानीय, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सहयोगमा आगो निभाइएको थियो । मिलमा कोही नबस्ने भएकाले मानवीय क्षति भने भएन । आगो निभाउन पथरीशनिश्चरे, उर्लाबारी, कानेपोखरी र बेलबारी नगरपालिकाका दमकल प्रयोग गरिएको थियो । आगलागीको कारणबारे यकीन जानकारी प्राप्त नभएको प्रहरी कार्यालय पथरीले जनाएको छ ।

### भोजपुरमा आगलागीबाट एक करोडको क्षति

भोजपुर नगरपालिका-१२, टक्सारको मालबाँसेमा आगलागीबाट एक कारोड तीन लाख रूपैयाँ बराबरको क्षति भएको छ । शनिबार दिउँसो वनमा लागेको डढेलो बस्तीमा आइपुग्दा स्थानीयवासीका सात घर र १० गोठ जलेर पूर्णरूपमा नष्ट भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक दलकुमार राईका अनुसार आगलागीबाट स्थानीय कमल कार्कीको दुई तले घर, नरबहादुर कार्कीको दुई तले घर र गोठ, पदम कार्कीको दुई तले घर र एक गोठ, विशाल कार्कीको दुई तले घर र गोठ, गजेन्द्र कार्कीको दुई तले घर र गोठ तथा मीना श्रेष्ठ र कृष्ण बस्नेतको घर जलेर नष्ट भएको छ ।

यस्तै आगलागीबाट अन्य केही स्थानीयको पनि गोठ जलेर नष्ट भएको सूचना अधिकारी राईले जानकारी दिए । नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी र स्थानीयवासीको सहयोगमा आगो निभाइएको छ ।

### उदयपुरमा तीन घर जलेर नष्ट

उदयपुरको मध्यपहाडी क्षेत्रको रौतामाई गाउँपालिका-३ भोर्लेनीको नवउदय सामुदायिक वनमा शनिबार आगलागी भएको थियो । उक्त आगो भोर्लेनी गाउँमा प्रवेश गर्दा तीन घर र तीन गोठ जलेर नष्ट भएका छन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार शनिबार नवउदय सामुदायिक वनमा लागेको आगो नजिकैको गाउँमा हावाहुरीले ल्याएपछि भोर्लेनीका गाउन राई, मनकुमारी राई, जगतबहादुर राई, मदन राई, गोविन्द नेपाली र रामबहादुर राईको तीन घर र तीन गोठ जलेर नष्ट भएको छ ।

आगलागीका कारण घरमा भएका सबै अन्न, लत्ताकपडा र नगदसहित सुनचाँदी सबै जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए । उनका अनुसार आगलागीबाट करिब ४६ लाख रूपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । सामुदायिक वनको आगो गाउँमा प्रवेश गरेपछि प्रहरीको टोली र स्थानीयवासी मिलेर शनिबार रातिसम्ममा आगो नियन्त्रणमा लिइएको प्रनाउ चौधरीले बताए ।

### सावधानी अपनाउन प्रधानमन्त्रीको आग्रह

प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालको पूर्वी क्षेत्रमा भएको आगलागीबाट ठूलो धनजनको क्षति भएकामा दुःख व्यक्त गरेका छन् । उनले आगलागीका कारण मोरङ, भोजपुरलगायत जिल्लामा शनिबार धनजनको क्षति भएकामा आफू मर्माहत भएको बताएका छन् । शनिबार राति सामाजिक सञ्जाल फेसबुकमार्फत सन्देश प्रवाह गर्दै उनले सचेतना अपनाउन आमनागरिकमा अनुरोध गरेका छन् ।

'भोजपुरलगायत पूर्वी नेपालका पहाडी जिल्लाहरूमा आगलागीबाट धनजनको क्षति भएको घटनाले मर्माहत तुल्याएको छ । घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै आगलागीबाट हुनसक्ने सम्भावित जोखिमप्रति पूर्वसचेतता अपनाउन सम्पूर्ण जनसमुदायमा अनुरोध गर्दछु,' उनले भनेका छन् ।

# आगो निभाउने संयुक्त अभ्यास

**खोटाङ–** जिल्लास्थित तीनवटै सुरक्षा निकायका सुरक्षाकर्मीले शनिबार आगलागी नियन्त्रणसम्बन्धी चेतनामूलक अभ्यास प्रस्तुत गरेका छन् । डिभिजन वन कार्यालय खोटाङले सुरु गरेको अग्नि नियन्त्रणसम्बन्धी साताव्यापी कार्यक्रमअन्तर्गत सुरक्षाकर्मीले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेस्थित चन्द्रमान सामुदायिक वनमा संयुक्त अभ्यास गरेका हुन् ।



गोरखनाथ गण मुडे ब्यारेकका नेपाली सेना, जिल्ला प्रहरी कार्यालय खोटाङका नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल ७ नं गुल्म खोटाङका सशस्त्र प्रहरीले संयुक्तरूपमा आगलागी नियन्त्रणसम्बन्धी अभ्यास गरेका हुन् । उनीहरूले अग्निरेखा निर्माण, आगलागी नियन्त्रण तथा आगलागीका घटनाबाट बच्ने उपायबारे स्थानीय बासिन्दालाई सहभागी गराएर अभ्यास गरेका थिए ।

आगो निभाउन सबैको सहयोग तथा सहकार्य आवश्यक हुने जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले बताएका छन् । 'आगलागी फायर, फचुल र अक्सिजन एकैसाथ मिलेपछि हुन्छ । आगलागी नियन्त्रण गर्न हामीले फचुल हटाउन सक्छौं । जंगलमा पाइने पत्कर, सुकेका झाडीलगायत ज्वलनशील वस्तु फचुल हुन् । त्यसलाई हटाएर अग्निरेखा निर्माण गरेमा आगलागी नियन्त्रण गर्न सकिन्छ,' उनले भने । वनमा जानाजान आगो लगाउनेलाई कानुनले १२ वर्षसम्म कैदको सजाय तोकेको जानकारी दिँदै यदि त्यसो गरेको पाइएमा प्रहरीले कानुनबमोजिम कारबाही गर्ने चेतावनी उनले दिए ।

हिउँदमा हुनसक्ने वन डढेलो तथा आगलागीका घटनालाई नियन्त्रण गर्न सप्ताहव्यापी अग्नि नियन्त्रण अभियान सुरु गरिएको वन कार्यालयका प्रमुख पशुपति दाहालले जानकारी दिए । 'खोटाङ आगलागीका घटना हुने उच्च जोखिममा रहेको जिल्लामा पर्दछ । वन डढेलोका कारण हरेक वर्ष ठूलो क्षति हुने गरेको छ । यसलाई नियन्त्रण गर्न सप्ताहव्यापी कार्यक्रम सुरु गरेका छौं,' उनले भने, 'आगलागीका घटना नियन्त्रण गर्न सबै नागरिक सचेत हुन जरुरी छ । अभियानका क्रममा विशेषगरी स्थानीय बासिन्दालाई लक्षित गरेर चेतनामूलक कार्यक्रम सञ्चालन गर्छौं ।'

अभ्यासमा सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय वन उपभोक्ता समिति, स्थानीय बासिन्दालगायतको उपस्थिति रहेको थियो । त्यस अवसरमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईले आगलागी नियन्त्रणमा सबै एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताए

यसैबीच १० स्थानीय तह रहेको जिल्लाका विभिन्न सामुदायिक वनमा डढेलो सल्केको छ । हलेसी तुवाचुङ नगरपालिका-९ धितुङमा शनिबार दिउँसो लागेको डढेलो गाउँवस्तीमा सल्किदा दुई घर जलेका प्रहरीले जनाएको छ । चौतारा सामुदायिक वनमा लागेको डढेलोले स्थानीय गजेन्द्र राई र ज्ञानीमाया राईको घर पूर्णरूपमा क्षति भएको जनाइएको छ ।

ऐसेलुखर्क गाउँपालिका-६ ज्यामीरेस्थित सामुदायिक वनमा लागेको डढेलोले खुतप्रसाद फुँयाल, युवराज राई र बुद्धिनाथ लम्सालको घर जलेको प्रहरीले जनाएको छ । डढेलोले बुद्धिनाथका ६० वटा बाखासमेत मरेका छन् । जिल्लामा भएका आगलागीका घटनाबाट अहिलेसम्म मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालयका प्रमुख खड्काले जानकारी दिए । *रासस*

# लिमीका बालबालिका खोपबाट वञ्चित

**सिमकोट (हुम्ला)–** हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-६ लिमीका बालबालिका दादुरा-रुवेला खोप लगाउनबाट वञ्चित भएका छन् । देशभर नौ महिनादेखि पाँच वर्ष मुनिका बालबालिकालाई दादुरा-रुवेलाविरुद्धको खोप लगाउने राष्ट्रिय अभियान सञ्चान भए पनि नाम्खा-६ का तील, जाङ र हल्जी गाउँका ५४ बालबालिका खोपबाट वञ्चित भएका छन् । यहाँका बालबालिका दादुरा-रुवेलाविरुद्धको मात्र नभएर अन्य खोपबाट पनि वञ्चित रहेका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख प्रेम सिंहले जानकारी दिए ।

'हिमपातका कारण नाम्खा गाउँपालिकासँग जोडिएको सडक बन्द छ, यातायात सेवा बन्द हुँदा खोप कार्यक्रम प्रभावित भएको हो,' उनले भने । लिमी स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी कार्यरत भए पनि हिउँले बाटो बन्द हुँदा खोप ढुवानी गर्न नसकिएको प्रमुख सिंहले बताए । लिमीमा हेलिकप्टरमार्फत खोप ढुवानीका लागि स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतलाई पत्राचार गरिएको उनको भनाइ छ ।

खोप ढुवानी गर्न हेलिकप्टर भाडाबापत दुई लाख रूपैयाँ खर्च लाग्ने प्रमुख सिंहले बताए । 'बजेट नहुँदा लिमीमा राष्ट्रिय खोप कार्यक्रम सञ्चालन हुन सकेको छैन । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VERA CLEANING & MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/०२/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०४ LT. No. 287098 चलानी नं. ६०२०२४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 0 | 9 | 2200 | ४३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 1200 | ४३,७२५ | | | | | | | |
| 3 | General Clean Worker | 0 | 5 | 1000 | ३६,४३५ | | | | | | | |
| 4 | Driver | 2 | 0 | 2200 | ४३,७२५ | | | | | | | |

कम्पनी : VERA CLEANING & MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/११/१० LT. No. 300393 चलानी नं. ६०२१५२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 4 | 7 | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WATTAN INTERNATIONAL TRADING & CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८१/०३/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No.298470 चलानी नं.६०२१३३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 3 | 22 | 1000 | ३६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 5 | 0 | 1000 | ३६,४३५ | | | | | | | |

कम्पनी : SAFIR PLUS VALET PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No.299037 चलानी नं.६०२१३९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 33 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No.299036 चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 47 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAPTI RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१२/०२ LT. No. 301750 चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,०९५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,४३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,६५५ | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,६५५ | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,६५५ | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,३१० | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,६५५ | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,०९५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## मलेसियामा रोजगारको अवसर

कम्पनी : PERI-DENT STAR SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०४ LT No.277382 चलानी नं. ६०१९२९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 14 | 7 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UWHM SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No. 288114 चलानी नं.६०२०३५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 5 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १२ र १३ गते (25 & 26 Mar. 2024) मा हुनेछ ।

कम्पनी : GREEN POINT PRECISION (M) SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No. 284072 चलानी नं. : ६०१९९६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General worker | 25 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PRO TECH TOOL AND DIE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No. 283433 चलानी नं.६०१९९११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AGIG ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/०४ LT. No. 267640 चलानी नं.६०१८३५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 110 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Himalayan Human Resources Nepal Pvt. Ltd.
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

# प्रभाव दैनिक

सोमबार ५, चैत २०८० (Monday, March 18, 2024)


रूपशाला

## महेन्द्रनगरमा संस्कृति झल्किने 'चित्रकला'

कञ्चनपुरको महेन्द्रनगर बजार क्षेत्रलाई सौन्दर्यकरण गर्न थालिएको छ । भीमदत्त नगरपालिकाको सहयोग एवं पहलमा यहाँ नेपाल कमर्सियल आर्टिस्ट संघले बजार क्षेत्रलाई कला संस्कृति झल्किने चित्रकलासहित सौन्दर्यकरण गरिएको छ । संघमा आबद्ध दक्ष कलाकारले महेन्द्रनगर सौन्दर्यकरण गर्न श्रमदान गरेका छन् । हरेक वर्ष अरनिको दिवसको अवसरमा सामाजिक कार्य गर्दै आएको संघले नयाँ काम गर्ने उद्देश्यले भीमदत्त नगरपालिकाको सहयोगमा बजार सौन्दर्यकरण गरेको जनाएको छ ।



# चित्र कोरेर गुजारा

**बेदकोट (कञ्चनपुर)–** कञ्चनपुरको बेलौरी नगरपालिका-२ बैजुडाँडाका ५५ वर्षीय तुलसीराम चौधरीले चित्र कोर्न थालेको दशकौं भइसक्यो । कक्षा २ मा अध्ययन गर्ने बेलादेखि चित्रकलाका सौखिन उनले यही सीपलाई जीविकोपार्जनको आधार बनाएका छन् ।



आफूले व्यावसायिक रूपमा चित्र कोर्न तथा भित्तेलेखन सुरु गरेको दुई दशकभन्दा बढी समय भएको उनले सुनाए । 'विद्यालयमा छँदा गृहकार्य गर्न छोडेर चित्र बनाउँथें । रातमा टुकी बालेर भारतीय अभिनेता गोविन्दा, सञ्जयदत्तको चित्र बनाएर दाइलाई देखाउँथें,' उनले भने, 'चित्रकलाप्रति सानैदेखि इच्छा भएकाले यसतर्फ आकर्षित भएँ ।'

तुलसीरामले चित्र बनाउनका लागि कुनै तालिम भने लिएका छैनन् । विद्यालयमा चित्रकला प्रतियोगितामा प्रथम भएपछि यसप्रति झनै लगाव बढेको उनले बताए । 'सगरमाथामा नेपालको झण्डा फहराएको चित्र बनाएको थिएँ । देशको पहिचान झल्काएको भन्दै शिक्षक धेरै प्रशंसा गर्नुभयो,' विद्यालयमा छँदाको अनुभव सम्झँदै उनले भने, 'त्यसबेला मलाई सगरमाथा विश्वकै अग्लो शिखरको भन्ने थाहै थिएन । दिमागमा त्यस्तै फुऱ्यो, बनाएँ ।'

उनी चित्र कोर्ने कामका साथै खेती किसानीमा पनि संलग्न छन् । बेलौरी नगरपालिका-२ बैजुडाँडामा डेढ बिघा जमिनमा खेती गरिरहेको तुलसीरामले बताए । 'फुर्सदको समयमा खेतीपाती गरिन्छ । चित्र तथा लेखनको काम आएपछि त्यो पनि छोडिदैन,,' उनले भने, 'विगतभन्दा अहिले नयाँ प्रविधि आउनाले हस्तकलाको काम कम पाइन्छ ।' उनका अनुसार विगतमा मासिक ५० हजार रूपैयाँभन्दा बढी कमाउन सकिन्थ्यो । प्रविधिको बढ्दो प्रयोगले हस्तकला हराउँदै गएको उनले बताए । विगतको तुलना काम कम पाइने भए पनि हाल दैनिक एक हजार रूपैयाँसम्म आम्दानी भइरहेको उनको भनाइ छ ।

'विगतमा सरकारी कार्यालय, पसल सबैतिर हातैले लेख्थे । अहिले डिजिटल मेसिन आइसके । विगतको भन्दा काम कम पाइन्छ,' उनले भने, 'त्यहीँ पनि दिनहुँ एक हजार रूपैयाँभन्दा बढी आम्दानी हुने गर्छ ।'

भित्तेलेखन तथा चित्र कोरेबापत प्रतिवर्ग फिट ३०० देखि ५०० रूपैयाँसम्म शुल्क लिने गरिएको छ । तुलसीराम भारत्तोलनको खेलाडी पनि हुन् । वि.सं. २०४६ मा क्षेत्रीय प्रतियोगितामा भारत्तोलनमा प्रथम र राष्ट्रिय प्रतियोगितामा द्वितीय स्थान हासिल गरेको उनले बताए । तुलसीरामको बेलौरी नगरपालिका-२ बैजुडाँडामा श्रीमती र छोरा बस्छन् । 'चित्र कोरेर र भित्तेलेखन गरेर गुजारा चलेको छ । कामको खोजीमा विदेसिनु परेको छैन । यसमै खुसी छु,' उनले भने । *रासस*

## नेपाली लेखक संघ कोशीको अध्यक्षमा अधिकारी

**विराटनगर (प्रस)–** साहित्यकार गोकुल अधिकारी (मोरङ) को अध्यक्षतामा शुक्रबार नेपाली लेखक संघ कोशी प्रदेश समिति गठन भएको छ । संघको उपाध्यक्षमा समदर्शी काइँला (पाँचथर र लता खरेल (झापा), महासचिवमा मीनकुमार नवोदित (मोरङ), सचिवमा वासुदेव उपाध्याय पोखरेल (उदयपुर) र कोषाध्यक्षमा लक्ष्मी रायमाझी (मोरङ) चयन भएका छन् ।

संघका केन्द्रीय अध्यक्ष वरिष्ठ कवि तीर्थ श्रेष्ठको उपस्थितिमा भएको अधिवेशनले कृष्ण अधिकारी (सुनसरी), मिलनकुमार ढुंगाना (झापा), पूजा बहार (सुनसरी), मनु विश्वकर्मा (धनकुटा), डा. भेषराज खनाल (ओखलढुंगा), केजी सुब्बा (धनकुटा) र फणिराज नेपाल (सफ्वासभा) लाई सदस्यमा चयन गरिएको निर्वाचन समितिका संयोजक प्राध्यापक कविराज न्यौपानेले जानकारी दिए ।

## रंगशाला

# १२औं सहवीर राष्ट्रिय खुला स्मृति लन टेनिस प्रतियोगिता सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** '१२औं सहवीर राष्ट्रिय खुला लन टेनिस प्रतियोगिता, २०८०' आइतबारदेखि सुरु भएको छ । नेपाल एपिएफ क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले लन टेनिसका मुख्य रेफ्री सूर्यभुषण बज्राचार्यलाई टेनिस बल हस्तान्तरण गरी शुभारम्भ गरेका थिए ।



हल्चोकस्थित कोर्टमा भएको प्रतियोगिताको उद्घाटन खेलमा पुरुष एकलतर्फको प्रसिद्ध मोक्तानले सन्तोष भण्डारीलाई ६-२ र ६-३, योगेन शेर्पाले सविन श्रेष्ठलाई ६-१ र ६-०, निजेज महर्जनले वेदकुमार तामाङलाई ६-१ र ६-० ले पराजित गरेका छन् भने नेहालजंग थापाले सुजन लामाबाट वाक ओभर पाएका छन् ।

यसैगरी प्रतियोगिताको मिक्स डवल इभेन्टतर्फको खेलमा सन्तोष खत्री र देवना कार्कीको जोडीले सुमन लामा र कल्पना गुरुङको जोडीलाई ६-४ र ७-५ ले र सुभांगीलक्ष्मी शाह र सक्षमविक्रम शाहको जोडीले भगवती विक र निजेज महर्जनको जोडीलाई ६-० र ६-१ पराजित गरेका छन् ।

यसैगरी प्रतियोगिताको ५५ वर्षमाथि भेन्ट्रान्स पुरुष एकलतर्फको खेलमा राजोजमान श्रेष्ठले कर्ण घलेलाई ६-४ र ६-२ ले, सुनिल गुरुङले सुशिल पाण्डेलाई ४-६ र ६-३ र १०-६ ले, शिव सेढाइले अमृतरत्न कंसकारलाई ६-१ र ६-२ ले सुदर्शन विष्टले प्रेम शाहीलाई ६-० र ६-१ ले, जीवन घिमिरेले मनोजविक्रम शाहलाई ७-६, २-६ र १०-७ ले पराजित गरेका छन् भने नरेन्द्र सिंहले चुइ जुङ हुबाट र राजु श्रेष्ठले सुनिल घिमिरेबाट वाक ओभर पाएका छन् ।

प्रतियोगितामा ६५ वर्ष माथि भेन्ट्रान्स पुरुष एकलतर्फको खेलमा मनोज राणाले कर्ण घलेलाई ४-० र ४-१ को सेटमा पराजित गरेका छन् भने कमल थपाले ध्रुबबहादुर गुरुङबाट वाक ओभर पाएका छन् ।

प्रतियोगिता हलचोकस्थित नेपाल एपिएफ क्लबको लन टेनिस कोर्ट र त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको टेनिस कोर्टमा सञ्चालन भइरहेको छ । कूल पुरस्कार राशि पाँच लाख २७ हजार रूपैयाँ रहेको प्रतियोगितामा ११ वटा इभेन्ट्स समावेश गरिएको छ ।

## राष्ट्रिय भलिबल प्रतियोगिताः पुलिस विजयी

**काठमाडौं (प्रस)–** नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई पराजित गर्दै आठौं महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको महिलातर्फ विजयी सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिरषद् (राखेप)को कभर्डहलमा आइतबार भएको दोस्रो खेलमा पुलिसले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । पुलिसले कर्णालीमाथि पहिलो सेट २५-१२ ले जित्यो भने खेलको दोस्रो सेट २५-७ तथा तेस्रो सेट २५-८ ले आफ्नो पक्षमा पाऱ्यो ।

त्यस्तै आइतबार नै भएको पहिलो खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले मधेस प्रदेशलाई ३-० को सोझो सेट पराजित गरेको छ । एपिएफले मधेसलाई २५-८, २५-७ र २५-२ ले पराजित गऱ्यो ।

उक्त प्रतियोगिताको विजेता टोलीले पाँच लाख रूपैयाँ तथा उपविजेताले दुई लाख ५० हजार रूपैयाँ पाउने छन् । त्यस्तै तेस्रो हुने टोलीले एक लाख २५ हजार रूपैयाँ प्राप्त गर्ने छन् ।


## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश,नेपाल
२०७३

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८०/१२/०५**

यस कार्यालयबाट मिति २०८०/१०/२९ गते प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 16/KM/NCB/2080/81 | Thakali Chowk Dekhi Magarkot Jane Bato Marmat | मोक्तान बिल्डर्स हेटौडा-३ | ९४,२७,४०९.८७ | |

**प्रमुख प्रशासकीय अधिकृत**



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAGARMATHA JEWELLERY WLL
पूर्व स्वीकृति मिति : २०८०/१२/०२ LT. No. 301706 चलानी नं. ६०२१६६६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 4 | 1 | 120 | ४२,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANITON CERAMIC (M) SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/१२/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 LT. No. 283782 चलानी नं. ६०२१६६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MRT INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/04 LT. No. 276094 चलानी नं. ६०१९२१०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १२ गते (25th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

